## थाकस...

भेलाले नगर कमिटी सभापतीमा सुमन चौधरीलाई चयन गरेर कार्यसमितीलाई पुर्णता दिएको निर्वाचन मण्डलका संयोजक बिनोद चौधरीले बताए । यस्तै सभापतीका उमेदवार वनेका गौरी नरायण चौधरीलाई थाकस क्षेत्रिय कमिटीको संयोजकको जिम्मेवारी दिएको छ भने कृष्ण कुमार चौधरीलाई प्रदेश कमिटी क्षेत्र (ख)को जिम्मेवारी दिएको छ ।

## नेपाल...

सजग हुन आग्रह गरेका थिए । वक्ताहरूले पत्रकारलाई कारबाही गर्ने सञ्चार ऐन बने पन जारी हुन बाँकी रहे पनि पत्रकारका लागि नबनेको साईबरक्राईमकै डण्डा लगाएर पत्रकारमाथि प्रहार गर्ने काम भईरहेकाले त्यस्ता कदम बन्द गर्न आग्रह गरे । सञ्चार ऐन नबनेको अवस्थामा पत्रकारलाई कारबाही तथा नियमन गर्ने अर्द्धन्यायिक निकाय प्रेस काउन्सिल नेपाल भए पनि प्रहरीले काउन्सिललाई पन्छाएर आफु अग्रसर भएर बिभिन्न आरोपको बहानामा कारबाही गर्ने नाममा दुःख दिने काम बन्द गर्न आग्रह गरेका थिए । संस्था पत्रकारलाई लक्षित गरी साईबरक्राईम ऐन कार्यान्वयन गर्दा निहत्था पत्रकारहरू पीडित हुनु परेको भन्दै त्यस्तो कदम तत्काल बन्द गर्न वक्ताहरूले सरकारको ध्यानाकर्षण गराएका थिए । कार्यक्रममा शाखाले साधारणसभाका अतिथि तथा महासंघका भगिनी संघ, संगठनका प्रमुख तथा पूर्व अध्यक्षहरूलाई मायाको चिनो र कौशल चेमजोङद्वा लिखित 'उदयपुरको इतिहास' नामक पुस्तक उपहार प्रदान गरेको थियो ।

**श्री नमुना माध्यमिक विद्यालय (१-१२) मुर्कुची**
**रौतामाई-७, उदयपुर**
स्था: २०१८
प्रदेश नं. १, नेपाल

**शिक्षक पदपूर्ति सम्बन्धी विज्ञापन**

*(प्रथम पटक प्रकाशित मिति : २०७८/०९/०४)*

यस विद्यालय रिक्त रहेको प्राविधिक धारतर्फको विज्ञान शिक्षक (मा.शि. द्वितीय) पदको खुला प्रतिपर्धाद्वारा करार नियुक्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख गरिएको शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट आजको मितिले १५ दिनमित्र कार्यालय समयमा रीतपूर्वक दरखास्त आव्हान गरिन्छ ।

तपसिल
१. विज्ञापन नं. ०४/०७९
२. पद : विज्ञान शिक्षक (मा.शि. द्वितीय)
३. पद संख्या : १ (एक)
४. शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट रसायन शास्त्र विषयमा स्नातकोत्तर तह उतीर्ण
५. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
६. आवेदन दस्तुर : रू. १५००/- (अक्षरेपी रू. एक हजार पाँच सय मात्र)
७. परीक्षाको किसिम : लिखित तथा मौखिक
८. आवश्यक कागजातहरू : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीहरू
सम्पर्क : ९८१९९७४२७७, ९८६३८२७४२४, ९८६३८२७२४२

## आजको राशिफल

- ज्यो.प. मुकुन्दप्रसाद

मेष - दूरदराज वा दुर्गम स्थानमा गरिएको यात्रा सफल हुनेछ ।
बृष - लगानीमा रहेको रकम फिर्ता आउनसक्छ ।
मिथुन - आज दाजु भाइबाट सहयोग र ससुराली पक्षसँग सम्बन्ध राम्रो बन्नेछ ।
कर्कट - आज स्वाभिमान र घमण्डका कारण केही समस्याहरु सिर्जना हुनसक्छन् ।
सिंह - अग्रजको सहयोगले कार्य सम्पादन हुनेछ ।
कन्या - आज मनमा सात्विक बिचारहरु र अनुहारमा चमक आउनेछ ।
तुला - नयाँ कामको थालनी या योजना बन्ला ।
बृश्चिक - अवसरको खोजीमा असाध्यै दौडधुप गर्नुपर्ने दिन छ ।
धनु - आज विद्या र नयाँ ज्ञान बढ्नेछ ।
मकर- परोपकार र समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ ।
कुम्भ - आज सामाजिक प्रसिद्धि प्राप्त हुनेछ ।
मीन - आज यात्रा गर्दा सचेत हुनुपर्नेछ ।


# कटारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**कटारी , उदयपुर**
**१ नं. प्रदेश नेपाल**

**त्रिवेणी मेला व्यवस्थापन दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०९/०४

यस कटारी नगरपालिका वडा नं. ०२ अन्तर्गत तावा , ककरु र कमला नदीको संगम स्थलमा परम्परादेखि लाग्दै आएको त्रिवेणी (मैनी ) मेला मिति २०७९ माघ १ गते देखि १५ गतेसम्म व्यवस्थापन गर्नुपर्ने भएकोले सो व्यवस्थापन गर्न ईच्छुक फर्म , संस्था वा कम्पनीहरुबाट तपसिलमा लेखिएको शंहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्ने गरी स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ ।

| आय ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक ( कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| ०५-२०७९/०७८० | **त्रिवेणी मेला व्यवस्थापन** | ७,५०,०००।- | १०००।- |

**ठेक्का शर्तहरु :-**

१. ठेक्काको दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म कार्यालय समय भित्र **रु. १०००।-** ( एक हजार) रकम ( पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिदका साथ व्यवसाय दर्ता, स्थायी लेखा नम्बर र आ.व. २०७७/२०७८ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु राखी ईच्छुक फर्म, कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समयभित्र कटारी नगरपालिकाको राजश्व शाखाबाट फारम खरिद गर्न सक्नेछ ।

२. शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । तर प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । शिलबन्दी दरभाउपत्र खरिद गर्ने , दर्ता गर्ने तथा खोल्ने मितिमा बिदा परेमा सो कार्य बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. कानूनले निषेध गरेका खेल तामास बाहेक अन्य खेल तमासाहरुको हकमा नगरपालिकासँग समन्वय र सहकार्य गरी दररेट कायम गरी मात्र संचालन गर्न पाउने छ ।

४. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा कबोल अंक २.५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य वैंक कटारी शाखामा रहेको धरौटी खाता नं २०५०१००३०३००००२ मा जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको सो रकम बराबरको जमानत शिलबन्दी दरभाउ पत्र साथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. मेलामा राखिने व्यवसायीक प्रयोजनका लागि राखिएको पसल र टहरको दररेट दरभाउपत्र खरिद गर्ने समयमा उपलब्ध गराईने छ ।

६. शिलबन्दी दरभाउ पत्र स्वीकृत भएको फर्मले स्वीकृत ठेक्का सम्झौता हुनु अगावै आफुले कबोल गरेको अंक बराबरको नगदै रकम वा वा न.पा.को राजश्व खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर न.पा.मा बुझाउनु पर्नेछ ।

७. त्रिवेणी मेलामा सम्बन्धित निकायबाट लिनुपर्ने संचालन अनुमती , आवश्यक सुरक्षाको व्यवस्थापन तथा बजार व्यवस्थापन लगायत सम्पूर्ण कार्यहरु ठेकेदार स्वयमले गर्नुपर्नेछ । न.पा.ले सहजीकरण गर्नेछ ।

८. कवोल अंकको नियम अनुसार लाग्ने कर सम्बन्धित कर कार्यालयमा ठेकेदार स्वयमले बुझाई सोको प्रमाणीत जानकारी न.पा.लाई दिनुपर्नेछ ।

९. कानूनले निषेध गरिएका खेल तमासा लगायतका कार्य गर्न पाईने छैन ।

१०. अत्यावश्यक संरचना शौचालय, प्रहरी विट , न.पा. सेल व्यवस्थापन,अस्थायी टहरा ठेकेदारले गर्नुपर्नेछ ।

११. ठेक्का सम्बन्धी कर उठाईने र सो को दररेट तथा ठेक्का सम्बन्धि विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन,नियम तथा शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछन् ।

**प्रमुख प्रशासकीय अधिकृत**